# कांक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक
राष्ट्रिय दैनिक
www.kankrebihar.com

❒ वर्ष : २५ ❒ अंक : ३१४ ❒ बुधवार, १० भदौ, २०८३ ❒ Wenesday, 26 Aug 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रू. १०







# मुख्यमन्त्री शाही आफ्नै दलको घेराबन्दीमा

❒ कांक्रेविहार संवाददाता
सुर्खेत, ९ भदौ

कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाही नियुक्त भएको ३० दिन पुगिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । आफ्नै दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) भित्र मन्त्री छनोटमा सहमति जुटाउन नसक्दा सोमबार बिहान ११ बजेका लागि तय गरिएको मन्त्रीहरूको शपथ कार्यक्रमसमेत अन्तिम समयमा स्थगित भएको छ ।

मुख्यमन्त्री शाहीले यसअघि प्रदेश प्रमुखको कार्यालयमा फोन गरेर सोमबार बिहान ११ बजेका लागि शपथको समय मागेका थिए । प्रदेश प्रमुखको कार्यालयले समयसमेत निर्धारण गरिसकेको थियो । तर निर्धारित समय नजिकिँदासम्म मुख्यमन्त्रीले मन्त्रीको नाम सिफारिस गर्न सकेनन् । त्यसपछि उनी स्वयं प्रदेश प्रमुख यज्ञराज जोशीलाई भेट्न कार्यालय पुगेका थिए ।

प्रदेश प्रमुखसँगको भेटमा मुख्यमन्त्रीले पार्टीभित्र कुरा नमिलेको भन्दै शपथ कार्यक्रम स्थगित गर्न आग्रह गरेको स्रोतको भनाइ छ । 'हाम्रो कुरा मिलेन हजुर, कार्यक्रम रोकिदिनुहोस् भन्नुभयो,' प्रदेश प्रमुखको कार्यालय स्रोतले भनेको छ, 'अब ११ गतेसम्म हुन्छ कि भन्ने तरिकाले मुख्यमन्त्रीले कुरा गर्नुभयो ।' मुख्यमन्त्री शाहीको सरकारमा सत्ता साझेदार नेकपा एमालेले भने आफ्नो भागमा परेका मन्त्रालयमा मन्त्री पठाइसकेको छ । तर सरकारको नेतृत्व गरिरहेको नेकपाले पाएको तीन मन्त्रालयमा अझै मन्त्री नियुक्त गर्न सकेको छैन । यही कारण मन्त्रिपरिषद् विस्तारको विषय थप पेचिलो बनेको हो ।


तस्वीर : ए.आइ.द्वारा सिर्जित

साउन १२ गते नेकपा एमालेको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका शाहीले भदौ ३ गते प्रदेशसभाबाट विश्वासको मत लिएका थिए । त्यसअघि सत्ता साझेदार एमालेसँग मन्त्रालय बाँडफाँडमा सहमति भएको थियो ।

सात सदस्यीय मन्त्रिपरिषद्मा एमालेले आर्थिक मामिला तथा योजना, सामाजिक विकास र जलस्रोत तथा ऊर्जा मन्त्रालय पाउने तथा नेकपाले भौतिक पूर्वाधार तथा सहरी विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय लिने सहमति भएको थियो ।

सोहीअनुसार एमालेबाट आर्थिक मामिला तथा योजनामन्त्रीमा टेकराज पछाई, सामाजिक विकासमन्त्रीमा जितबहादुर मल्ल र जलस्रोत तथा ऊर्जामन्त्रीमा कलबहादुर हमाल नियुक्त भइसकेका छन् । तर नेकपाको भागमा परेका तीन मन्त्रालय भने मन्त्रीविहीन छन् ।

## सरकारको कामकारबाहीमा असर

मन्त्रिपरिषद्ले पूर्णता नपाउँदा सरकारको कामकारबाहीमा समेत असर पर्न थालेको प्रदेश सरकारका अधिकारी तथा सांसदहरूले बताएका छन् । नयाँ आर्थिक वर्ष सुरु भइसकेको अवस्थामा बजेट कार्यान्वयनका लागि आवश्यक कार्यविधि, मापदण्ड, मार्गदर्शन, बहुवर्षीय योजनाको स्रोत सहमति र विभिन्न नीतिगत निर्णय गर्नुपर्ने समय हो । तर सम्बन्धित मन्त्रालयमा मन्त्री नहुँदा यस्ता निर्णय प्रभावित भइरहेका छन् । मुख्यमन्त्रीकै दलका सांसद तथा पूर्वमन्त्री महेन्द्र केसीले ३० दिनसम्म सरकार पूर्ण नहुनु राम्रो संकेत नभएको बताएका छन् । आर्थिक वर्षको सुरुमै कामको गति बढाउनुपर्ने भए पनि मन्त्रिपरिषद् विस्तारमा भएको ढिलाइले विकासका काम प्रभावित हुन सक्ने उनको भनाइ छ । पूर्वमन्त्री तथा एमाले सांसद विनोदकुमार शाहले पनि एमालेले आफ्नो भागका मन्त्री पठाइसक्दा मुख्यमन्त्रीकै दलले मन्त्री नियुक्त गर्न नसकेकोमा आफू अचम्मित भएको बताएका छन् । उनका अनुसार मन्त्री नभएका मन्त्रालयले प्रभावकारी रूपमा काम गर्न नसक्दा चालु आर्थिक वर्षको कार्यान्वयनमा असर पर्न सक्छ ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका संसदीय दलका प्रमुख सचेतक हिक्मत विष्टले त मन्त्रिपरिषद् विस्तार गर्न नसक्नु मुख्यमन्त्रीको कार्यक्षमतामाथिको प्रश्न भएको टिप्पणी गरेका छन् । सरकार गठनमै देखिएको ढिलाइले आगामी कार्यसम्पादनप्रति जनतामा थप निराशा बढाउन सक्ने उनको भनाइ छ । यसरी मुख्यमन्त्री शाहीका लागि अहिले सबैभन्दा ठूलो चुनौती सरकारलाई पूर्णता दिनु मात्र नभई आफ्नै दलभित्रको शक्ति सन्तुलन मिलाउनु बनेको छ । मन्त्री छनोटमा सहमति नजुट्दा शपथ कार्यक्रम नै स्थगित हुनुले कर्णाली सरकारको राजनीतिक अन्योल थप सतहमा आएको छ । अब मुख्यमन्त्री शाहीले आफ्नै दलभित्रको विवाद कसरी समाधान गर्छन् र कहिलेसम्म मन्त्रिपरिषद्लाई पूर्णता दिन्छन् भन्ने विषय चासोको विषय बनेको छ ।

## मन्त्री छनोटमै नेकपाभित्र विवाद

नेकपाभित्रको मुख्य विवाद साविक माओवादी र एकीकृत समाजवादी धारबीच देखिएको छ ।

१३ प्रदेश सांसद रहेको नेकपामा साविक समाजवादी धारबाट एक जना मात्रै समानुपातिक सांसद कल्याणी खड्का छिन् । खड्कालाई मन्त्री बनाउनुपर्ने अडान उक्त धारले राखेपछि मुख्यमन्त्री शाहीलाई सहमति जुटाउन कठिन भएको स्रोत बताउँछ ।

यसअघि साविक माओवादी धारबाट विन्दमान विष्ट, जुम्कित लामा र मिलन खड्काको नाम मन्त्रीका लागि चर्चामा आएको थियो । तर साविक समाजवादी धारले उक्त नाममा सहमति नजनाएपछि प्रक्रिया रोकिएको बताइएको छ ।

अन्य सांसदहरूले समेत मन्त्रीका लागि दाबी गरिरहेका कारण मुख्यमन्त्रीलाई सबै पक्ष मिलाउन थप कठिन भएको देखिन्छ । नेकपाका प्रदेश इन्चार्ज चन्द्रबहादुर शाहीले भने मन्त्रीका नाममा संस्थागत रूपमा कुनै सहमति भइनसकेको बताएका छन् । उनका अनुसार पार्टी एकताको भावनाअनुसार दुवै धारलाई समेटेर निर्णय गर्नुपर्ने अवस्था छ ।

# कांग्रेस महाधिवेशन रोक्ने रिटको सुनुवाइ भोली हुँदै



❒ कांक्रेविहार संवाददाता
काठमाडौं, ९ भदौ

सर्वोच्च अदालतले नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशन रोक्न माग गर्दै निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान कार्यबाहक सभापति पूर्णबहादुर खड्काले दिएको रिटको बिहीबार सुनुवाइ गर्ने भएको छ ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले देउवा र खड्काको छुट्टा छुट्टै रिट निवेदन विहीबारका लागि पेशी तोकिएको जानकारी दिए ।

देउवा र खड्काले सोमबार सर्वोच्चमा रिट निवेदन पेश गरेका थिए । ती दुवै निवेदनको अध्ययनपछि बुधवार दर्ता गरिएको सर्वोच्चले जनाएको छ ।

कांग्रेसले आगामी असोज १६ देखि १९ गतेसम्मका लागि पन्ध्रौं महाधिवेशन तोकेको छ । आधिकारिकता सम्बन्धी मुद्दा पुनरवलोकनका क्रममा रहेकाले महाधिवेशन रोक्नुपर्ने देउवा र खड्काको दाबी छ ।

# पाथिभरा माता भनेर चिनाउने समीरलाई पूर्पक्षका लागि थुनामा पठाउन अदालतको आदेश




❒ कांक्रेविहार संवाददाता
सुर्खेत, ९ भदौ

आफूलाई पाथिभरा माता भनेर चिनाउने सुर्खेतका समीर थापालाई जिल्ला अदालत सुर्खेतले पूर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

न्यायाधीश तीर्थराज भट्टको एकल इजलासले थापालाई कारागार चलान गर्न र घटनाको भिडियो खिच्ने अर्का व्यक्तिलाई ५० हजार धरौटीमा छाड्न आदेश दिएको अदालतका सूचना अधिकारी उज्ज्वलदेव रावलले जानकारी दिए ।

झारफुक तथा हेराई-मनाई गर्ने बहानामा थापाले महिलामाथि अमानवीय दुर्व्यवहार र कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि सुर्खेत प्रहरीले साउन १३ गते वीरेन्द्रनगर नगरपालिका-३, एरिचोकका २४ वर्षीय समीरलाई पक्राउ गरेको थियो ।

थापासहित भिडियो खिच्ने व्यक्तिविरुद्ध बोक्सी आरोप सम्बन्धी कसुरमा साउन ८ गते सुर्खेत अदालतमा मुद्दा दर्ता गरिएको थियो । थुनछेक बहसपछि अदालतले मुख्य अभियुक्त थापालाई पुर्पक्षका लागि थुनामा राख्न र सहयोगीलाई धरौटीमा छाड्न आदेश दिएको हो ।

नेपालको मुलुकी अपराध संहिता, २०७४ अनुसार धामी झाँक्री वा झारफुकको नाममा कसैमाथि अमानवीय, अपमानजनक वा हिंसात्मक व्यवहार गर्नु गम्भीर कानुनी अपराध हो ।

अमानवीय वा अपमानजनक व्यवहार (दफा १६८) मा झाँक्री वा झारफुकको बहानामा कसैलाई अमानवीय

बाँकी पृष्ठ २

## कृषि प्रयोगशालाकी कर्मचारी मृत्यु प्रकरण :

# नायब सुब्बा पूर्पक्षका लागि थुनामा

❒ कांक्रेविहार संवाददाता
सुर्खेत, ९ भदौ

एकीकृत कृषि प्रयोगशाला सुर्खेतको आवास गृहमा मृत भेटिएकी २७ वर्षीया कर्मचारी चन्द्रा सिंहको मृत्यु प्रकरणमा जोडिएका नायब सुब्बा कविलाल बी.सी.लाई जिल्ला अदालत सुर्खेतले पूर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

अदालतका न्यायाधीश नरेन्द्रबहादुर बुढाको एकल इजलासले जिल्ला प्रशासन कार्यालय सुर्खेतमा कार्यरत नायब सुब्बा बी.सी.लाई थुनामा पठाउन आदेश दिएको सूचना अधिकारी उज्ज्वल रावलले जानकारी दिए ।





प्रहरीले बी.सी. विरुद्ध साउन ८ गते अदालतमा आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गरेको थियो ।

जाजरकोटको भेरी नगरपालिका-१ घर भई विगत दुई वर्षदेखि प्रयोगशालामा नायब प्राविधिक सहायक पदमा कार्यरत चन्द्रा सिंह वीरेन्द्रनगर-७, इत्रामस्थित कार्यालयकै आवास गृहको शौचालयमा बेहोस अवस्थामा भेटिएकी थिइन् ।

सिंहलाई उद्धार गरी तत्काल देउती अस्पताल हुँदै प्रदेश अस्पताल पुर्याइए पनि चिकित्सकले उनलाई मृत घोषित गरेका थिए । घटनालाई अस्वाभाविक मान्दै मृतकका श्रीमान् महेश बस्नेतले बी.सी. विरुद्ध किटानी जाहेरी दिएका थिए ।

सोही जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय सुर्खेतले साउन १६ गते वीरेन्द्रनगर-८, खजुराबाट उनलाई नियन्त्रणमा लिएको थियो ।

प्रहरीको प्रारम्भिक अनुसन्धानका क्रममा मृतक चन्द्रा र नायब सुब्बा बी.सी. बीच सामाजिक सञ्जाल फेसबुकमा भएका कुराकानी तथा केही शंकास्पद च्याट संवादहरू फेला परेको भन्दै प्रहरी नियन्त्रणमा लिएको हो ।

अदालतको यो आदेशसँगै अब बी.सी.ले थुनामै रहेर मुद्दाको सामना गर्नुपर्नेछ ।

सम्पादकीय

# आर्थिक भविष्य पनि उज्यालो बनोस्

कर्णालीलाई जलविद्युत्को प्रचुर सम्भावना भएको प्रदेशका रूपमा वर्षौंदेखि चर्चा गरिँदै आएको छ । तर सम्भावनालाई वास्तविक उत्पादनमा बदल्ने चरणमा पुग्न नसक्दा कर्णालीको जलस्रोत अझै अपेक्षित रूपमा उपयोग हुन सकेको छैन । यही पृष्ठभूमिमा कालीकोट भएर बग्ने तिला कर्णाली नदीमा निर्माण हुने तिला–१ र तिला–२ जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन हुनु कर्णालीका लागि महत्वपूर्ण उपलब्धि हो । ४ सय २० मेगावाट क्षमताको तिला–२ का लागि करिब ७० अर्ब ७ करोड रूपैयाँ लागत अनुमान गरिएको छ । त्यसको ७५ प्रतिशत ऋण र २५ प्रतिशत स्वपुँजीबाट लगानी जुटाउने व्यवस्था गरिएको छ । दैनिक उच्च मागका समयमा ६ घण्टासम्म विद्युत् उत्पादन गर्न सक्ने अर्धजलाशययुक्त प्रकृतिको यो आयोजनाले राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् आपूर्ति व्यवस्थापनमा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

त्यस्तै ४ सय ४० मेगावाट क्षमताको तिला–१ को पनि वित्तीय व्यवस्थापन पूरा भएको छ । हाल नेपाल विद्युत् प्राधिकरणसँग २ सय ९८ मेगावाटको विद्युत् खरिद सम्झौता भएकाले सोही क्षमतामा निर्माण अघि बढाउने तयारी छ । तर मुख्य संरचना भने भविष्यमा थप क्षमता विस्तार गर्न मिल्ने गरी ४ सय ४० मेगावाटकै बनाउने योजना आफैंमा सकारात्मक छ । यी आयोजना केवल विद्युत् उत्पादनका परियोजना होइनन् । कर्णालीको आर्थिक रूपान्तरणका आधार बन्न सक्ने सम्भावना बोकेका परियोजना हुन् । निर्माणका क्रममा रोजगारी सिर्जना हुनेछ, स्थानीय व्यवसाय चलायमान हुनेछन् र दीर्घकालमा प्रदेशको राजस्व तथा आर्थिक गतिविधिमा योगदान पुग्नेछ । तर यसको लाभ स्थानीय नागरिकसम्म कति पुग्छ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि रोजगारी, शेयर सहभागिता, पूर्वाधार विकास र सामाजिक उत्तरदायित्वलाई प्रभावकारी बनाउन आवश्यक छ । सबैभन्दा महत्वपूर्ण कुरा, अब वित्तीय व्यवस्थापनपछि आयोजना निर्माणमा अनावश्यक ढिलाइ हुनुहुँदैन । कर्णालीमा वर्षौंदेखि आयोजना घोषणा हुने तर निर्माण सम्पन्न हुन वर्षौं लाग्ने प्रवृत्ति दोहोरिनु हुँदैन । सडक, प्रसारण लाइन, वातावरणीय व्यवस्थापन र स्थानीय तहसँगको समन्वयलाई समान प्राथमिकता दिनुपर्छ । तिला नदीमा अघि बढेका यी आयोजनाले कर्णालीको जलस्रोतलाई कर्णालीकै समृद्धिसँग जोड्ने अवसर दिएका छन् । अब चुनौती लगानी जुटाउनु मात्र होइन, समयमै गुणस्तरीय निर्माण सम्पन्न गर्नु हो । तिलाको पानीबाट निस्कने बिजुलीले राष्ट्रिय ग्रिड उज्यालो पार्ने मात्र होइन, कर्णालीका गाउँबस्तीको आर्थिक भविष्य पनि उज्यालो पार्न सक्नुपर्छ । यही नै यी आयोजनाको वास्तविक सफलता हुनेछ ।

# भूराजनीति, नेपाल र अबको बाटो



✍ उपेन्द्र विश्वकर्मा

आजको विश्व राजनीतिलाई हेर्दा एउटा कुरा सजिलै बुझिन्छ–देशहरूबीचको सम्बन्ध केवल मित्रता र सद्भावमा टिकेको हुँदैन । हरेक देशले आफ्नो राष्ट्रिय हित, सुरक्षा, आर्थिक लाभ र रणनीतिक प्रभावलाई पहिलो प्राथमिकतामा राख्छ । यही वास्तविकतालाई हामी भूराजनीतिक स्वार्थका रूपमा बुझ्न सक्छौं । कुनै देश कहाँ अवस्थित छ, उसका छिमेकी को हुन्, प्राकृतिक स्रोत कति छन्, व्यापारिक मार्गसँग उसको सम्बन्ध कस्तो छ र सामरिक हिसाबले उसको महत्व कति छ भन्ने कुराले उसको भूराजनीतिक हैसियत निर्धारण गर्छ । यही दृष्टिले हेर्दा नेपाल सानो देश भए पनि यसको भूराजनीतिक महत्व निकै ठूलो छ । भारत र चीनजस्ता दुई ठूला शक्तिबीच रहेको नेपाल स्वाभाविक रूपमा उनीहरूको चासोको विषय बन्छ । त्यसैले नेपालको समस्या केवल दुई छिमेकीसँग राम्रो सम्बन्ध राख्ने भन्नेमा सीमित छैन । मुख्य कुरा त आफ्नो राष्ट्रिय हित पहिचान गरेर स्वतन्त्र निर्णय गर्न सक्ने क्षमता कसरी कायम राख्ने भन्ने हो ।

नेपालको भूगोल नै हाम्रो ठूलो अवसर पनि हो र चुनौती पनि । उत्तरमा चीन र तीनैतिर भारतसँग जोडिएको नेपाल इतिहासदेखि नै दुई ठूला सभ्यता र बजारको बीचमा रहँदै आएको छ । भारतसँग नेपालको सम्बन्ध त झन् विशेष खालको छ । खुला सीमा छ, परिवार र आफन्तका सम्बन्ध छन्, लाखौं मानिस रोजगारीका लागि आउजाउ गर्छन् । व्यापार, शिक्षा, संस्कृति र सामाजिक सम्बन्ध पनि निकै गहिरो छ । त्यसैले भारतसँगको सम्बन्धलाई सामान्य दुई देशबीचको सम्बन्धका रूपमा मात्र हेर्न मिल्दैन । चीनसँग भने पछिल्ला वर्षहरूमा पूर्वाधार, व्यापार, पर्यटन, ऊर्जा र पारवहनका क्षेत्रमा सहकार्यको सम्भावना बढेको छ । यी दुवै छिमेकीको आफ्नै स्वार्थ छन् । उनीहरूबीच प्रतिस्पर्धा बढ्दै जाँदा नेपालको रणनीतिक महत्व पनि बढ्नु स्वाभाविक हो । यस्तो अवस्थामा नेपाल कुनै एउटा शक्तिको प्रभावमा मात्र निर्भर हुनु ठीक हुँदैन ।

हामीले लामो समयदेखि असंलग्नता, पञ्चशील र स्वतन्त्र विदेश नीतिको कुरा गर्दै आएका छौं । त्यो आधार आज पनि महत्वपूर्ण छ । तर समय फेरिएको छ । अहिले विश्व राजनीति निकै जटिल बनेको छ । अमेरिका, चीन, भारत, युरोपेली मुलुकलगायत विभिन्न शक्तिबीच आर्थिक, प्राविधिक र रणनीतिक प्रतिस्पर्धा बढिरहेको छ । हिन्द-प्रशान्त क्षेत्रको महत्व बढेको छ । चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ, भारतको बढ्दो क्षेत्रीय प्रभाव र हिमालय क्षेत्रमा विश्व शक्तिहरूको चासोले नेपाललाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर गर्छ । यस्तो अवस्थामा पुराना नारामात्र दोहोऱ्याएर पुग्दैन । विदेश नीति व्यवहारिक हुनुपर्छ । भावनाले होइन, तथ्य र राष्ट्रिय हितले त्यसलाई निर्देशित गर्नुपर्छ ।

तर यहाँ हाम्रो एउटा ठूलो कमजोरी छ । नेपालमा विदेश नीति र राष्ट्रिय हितका विषयमा राजनीतिक सहमति कमजोर छ । सरकार फेरिँदा प्राथमिकता फेरिन्छ । एउटा दलले समर्थन गरेको परियोजनालाई अर्को दलले विरोध गर्छ । कतिपय अवस्थामा त छिमेकीसँगको सम्बन्धसमेत आन्तरिक राजनीतिक प्रतिस्पर्धाको विषय बन्न पुग्छ । यसले नेपालको विश्वसनीयता कमजोर बनाउँछ । आखिर देशको दीर्घकालीन हित कुनै एउटा सरकार वा दलको मात्र विषय होइन । त्यसैले भारतसँग राम्रो सम्बन्ध राख्नु भनेको भारतको सबै कुरा स्वीकार गर्नु होइन । चीनसँग सहकार्य गर्नु भनेको चीनको रणनीतिक पक्षमा उभिनु पनि होइन । कुरा यति हो–सबैसँग मित्रता राख्ने, तर आफ्नो हितमा स्पष्ट रहने । नेपालको विदेश नीतिको आधार यही हुनुपर्छ ।

अर्को महत्वपूर्ण कुरा नेपालको आर्थिक अवस्था हो । कमजोर अर्थतन्त्र भएको देशमाथि बाह्य प्रभाव पर्न सक्ने सम्भावना बढी हुन्छ । त्यसैले राष्ट्रिय सुरक्षा भनेको सीमा र सेनासँग मात्र जोडिएको विषय होइन । आर्थिक सुरक्षा पनि उत्तिकै महत्वपूर्ण हो । ऊर्जा, खाद्य, रोजगारी, पूर्वाधार, प्रविधि र डिजिटल सुरक्षासमेत आज राष्ट्रिय सुरक्षाका विषय बनेका छन् । नेपालले आफ्नो जलविद्युत्, पर्यटन, कृषि, जडीबुटी, सूचना प्रविधि र मानव पूँजीलाई राम्रोसँग उपयोग गर्न सके धेरै कुरा बदल्न सकिन्छ । खासगरी जलविद्युत् नेपालको ठूलो सम्भावना हो । भारत र बंगलादेशमा विद्युत् निर्यात बढाउन सकियो भने त्यसले अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन सक्छ । चीनसँग पनि ऊर्जा तथा पूर्वाधारका क्षेत्रमा व्यवहारिक सहकार्य गर्न सकिन्छ । यसरी हेर्दा हाम्रो भूगोल समस्या मात्र होइन, अवसर पनि हो ।

नेपाल-भारत सम्बन्धमा पनि अब केही नयाँ सोच आवश्यक छ । खुला सीमा हाम्रो सम्बन्धको विशेषता हो । यसले नेपाली र भारतीय नागरिकबीचको सामाजिक तथा आर्थिक सम्बन्धलाई सहज बनाएको छ । तर यसको केही समस्या पनि छन् । तस्करी, मानव बेचबिखन, अवैध कारोबार र सीमा अपराधजस्ता चुनौतीलाई बेवास्ता गर्न सकिँदैन । त्यसैले खुला सीमा बन्द गर्ने बहसमा मात्र अल्झिनुभन्दा यसलाई व्यवस्थित र सुरक्षित बनाउनेतर्फ ध्यान दिनु राम्रो हुन्छ । प्रविधिको प्रयोग, सूचना आदानप्रदान र दुवै देशका सम्बन्धित निकायबीच सहकार्य बढाउन सकिन्छ । भारतसँग हाम्रो ऐतिहासिक सम्बन्ध छ, त्यसलाई कायम राख्दै सम्बन्धलाई अझ समानता, पारस्परिक सम्मान र विश्वासमा आधारित बनाउनुपर्छ ।

चीनसँगको सम्बन्धमा पनि अवसर र सावधानी दुवै चाहिन्छ । चीनसँग व्यापार र पारवहनका विकल्प बढाउन सकियो भने नेपालले एउटै बजारमाथिको निर्भरता केही हदसम्म घटाउन सक्छ । तर ठूला परियोजना देख्दैमा उत्साहित भएर अघि बढ्नु पनि ठीक होइन । कुनै परियोजना ऋणमा बन्ने हो भने त्यसले भविष्यमा कति भार पार्छ? त्यसबाट देशले कति आम्दानी गर्न सक्छ? रोजगारी कति सिर्जना हुन्छ? वातावरणमा कस्तो असर पर्छ? यी प्रश्नको राम्रोसँग अध्ययन गर्नुपर्छ । विदेशी लगानी वा सहयोग लिनु नराम्रो कुरा होइन । तर त्यसको निर्णय पारदर्शी ढंगले र राष्ट्रिय हितलाई केन्द्रमा राखेर हुनुपर्छ । नेपाल कुनै पनि बाह्य शक्तिको रणनीतिक प्रतिस्पर्धाको मैदान बन्नु हुँदैन ।

अब प्रश्न उठ्छ–नेपालले गर्ने के त? मेरो विचारमा अबको बाटो केवल 'सन्तुलित कूटनीति' भन्ने शब्दमा सीमित हुनु हुँदैन । हामीले रणनीतिक स्वायत्तताको बाटो समात्नुपर्छ । यसको अर्थ सबै देशसँग समान दूरी राख्नु भन्ने होइन । बरु, आफ्नो निर्णय आफैं गर्न सक्ने क्षमता विकास गर्नु हो । भारत र चीनसँग मात्र होइन, अमेरिका, युरोपेली संघ, जापान र अन्य मित्रराष्ट्रसँग पनि सम्बन्ध विस्तार गर्नुपर्छ । बहुपक्षीय मञ्चमा नेपालको भूमिका अझ प्रभावकारी बनाउन सकिन्छ । जलवायु परिवर्तन, हिमालय संरक्षण, पर्वतीय अर्थतन्त्र र शान्ति स्थापनाजस्ता विषयमा नेपालले आफ्नै आवाज बलियो बनाउन सक्छ । सानो देश हुँदैमा उसको आवाज सानो हुनुपर्छ भन्ने छैन ।

यसका लागि सबैभन्दा पहिले राजनीतिक दलहरूबीच राष्ट्रिय हितका केही आधारभूत विषयमा सहमति चाहिन्छ । विदेश नीति कुनै एक सरकार वा दलको निजी एजेन्डा बन्नु हुँदैन । संसद्, राजनीतिक दल, विज्ञ, कूटनीतिज्ञ, विश्वविद्यालय, निजी क्षेत्र र नागरिक समाजबीच खुला छलफल हुनुपर्छ । देशको दीर्घकालीन हित के हो भन्ने कुरा स्पष्ट रूपमा तय गर्नुपर्छ । त्यसपछि सरकार फेरिए पनि ती आधारभूत विषय फेरिनु हुँदैन । त्यस्तै, हाम्रो कूटनीतिक क्षमता पनि बढाउनुपर्छ । केवल राजनीतिक नियुक्तिका आधारमा कूटनीति चलाउनेभन्दा विषय बुझेका, दक्ष र अनुभवी व्यक्तिलाई प्राथमिकता दिनुपर्छ । विदेश नीति र आर्थिक नीतिबीच पनि राम्रो समन्वय आवश्यक छ । कूटनीति भनेको विदेश भ्रमण र भेटघाट मात्र होइन; व्यापार, लगानी, प्रविधि, रोजगारी र राष्ट्रिय आर्थिक हितसँग जोडिएको विषय हो ।

अन्ततः नेपालको भूराजनीतिक भविष्यलाई केवल चुनौतीका रूपमा हेर्नु हुँदैन । यसमा ठूलो अवसर पनि छ । नेपाल दुई ठूला शक्तिबीचको एउटा 'बफर' मात्र होइन । सही नीति बनाउन सकियो भने दुई ठूला बजारबीचको आर्थिक पुल बन्न सक्छ । हिमालयको वातावरणीय संरक्षणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । दक्षिण एसियाको सम्पर्कस्थलका रूपमा आफ्नो महत्व बढाउन सक्छ । तर त्यसका लागि राजनीतिक नेतृत्वमा दूरदृष्टि चाहिन्छ, राज्य संयन्त्रमा क्षमता चाहिन्छ र कूटनीतिमा स्पष्टता चाहिन्छ ।

अब नेपालले कसैको पक्ष रोज्ने होइन, नेपालको पक्ष रोज्ने हो । भारतसँग सम्बन्ध राख्दा नेपालको सार्वभौमिकता र स्वाभिमान कायम रहोस् । चीनसँग सहकार्य गर्दा नेपालको स्वतन्त्र निर्णय क्षमता कमजोर नहोस् । अमेरिका, युरोप वा अन्य शक्तिसँग सम्बन्ध विस्तार गर्दा पनि नेपाली राष्ट्रिय हित नै केन्द्रमा रहोस् । यही नै आजको बदलिँदो भूराजनीतिक परिस्थितिमा नेपालको सही बाटो हुन सक्छ । आखिर भूराजनीतिक स्वार्थको यो प्रतिस्पर्धात्मक संसारमा भावनाले मात्र देश चल्दैन । आफ्नो क्षमता बढाउनुपर्छ, राष्ट्रिय हितमा स्पष्ट हुनुपर्छ र निर्णय गर्ने आत्मविश्वास पनि राख्नुपर्छ । त्यसो गर्न सके नेपालको भूगोल हाम्रो कमजोरी होइन, भविष्य निर्माण गर्ने सबैभन्दा ठूलो शक्ति बन्न सक्छ ।

*(अन्तर्राष्ट्रिय सम्वन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन् ।)*

# स्क्रबटाइफसको संक्रमण बढ्यो, सातामै तीन जनाको मृत्यु

❐ कााँक्रेविहार संवाददाता
सल्यान, ९ भदौ

दार्मा गाउँपालिकामा स्क्रबटाइफसको संक्रमण बढ्दै गएको छ । पछिल्लो एक सातामा संक्रमण पुष्टि भएका दुई जना र रोगसँग मिल्दोजुल्दो लक्षण देखिएका अर्का एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा दार्मा पाँच लयटा ढाँकाडामका ६९ वर्षीय तुलबहादुर खड्गा, वडा छ की मलिवाङ्का ८२ वर्षीय बलबहादुर थापा र मलिवाङ्कै नरबहादुर बुढाथोकी छन् ।

खड्गा र थापाको किट परीक्षणमा स्क्रबटाइफस पोजेटिभ देखिएको थियो भने बुढाथोकीमा रोगसँग मिल्दोजुल्दो लक्षण देखिएको थियो ।

संक्रमण बढेसँगै दार्माका स्थानीयमा त्रास फैलिएको छ । स्वास्थ्य संस्थामा परीक्षण किट अभाव हुँदा बिरामीलाई निजी स्वास्थ्य संस्था वा जिल्ला बाहिर उपचारका लागि लैजानुपर्ने अवस्था रहेको स्थानीयले बताएका छन् । दैनिक चार-पाँच जनासम्ममा परीक्षण गर्दा संक्रमण पुष्टि हुने गरेको स्वास्थ्यकर्मीको भनाइ छ । स्थानीय नीमबहादुर खड्गाले स्वास्थ्य संस्थामै निःशुल्क परीक्षण र उपचारको व्यवस्था हुनुपर्ने माग गरे । उनका अनुसार आर्थिक अवस्था कमजोर भएका परिवारलाई बाहिर गएर उपचार गराउन कठिन भएको छ ।

दार्मा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख यज्ञबहादुर बस्नेतका अनुसार स्वास्थ्य कार्यालय सल्यानसँग समन्वय गरेर परीक्षण तथा उपचार शिविर सञ्चालन गर्ने तयारी भइरहेको छ ।

ज्वरो आएका बिरामीको स्क्रबटाइफस परीक्षण गर्नुका साथै घरघरमै पुगेर स्वास्थ्य परीक्षण र उपचार गर्ने योजना रहेको उनले बताए ।

वर्षातको समयमा घाँसपात तथा जंगल क्षेत्रमा काम गर्दा किर्नाजस्तो जीवको टोकाइबाट स्क्रबटाइफस हुन सक्ने भएकाले सावधानी अपनाउन स्वास्थ्यकर्मीले स्थानीयलाई आग्रह गरेका छन् ।

भल्चौर स्वास्थ्य संस्थामा समेत ज्वरोका बिरामीको संख्या बढेको छ । यसअघि दैनिक १५ देखी २० जना बिरामी आउने गरेकोमा अहिले ३० जनासम्म पुग्ने गरेको स्वास्थ्यकर्मी टेकराज बोहराले बताए ।

# प्रधानमन्त्री बालेन शाहलाई आज ११ सांसदले सोध्दैछन् प्रश्न

❐ कााँक्रेविहार संवाददाता
काठमाडौं, ९ भदौ

प्रधानमन्त्री बालेन शाहले बुधबार प्रतिनिधिसभामा सांसदहरूको प्रश्नको सामना गर्ने भएका छन् । प्रधानमन्त्रीसँगको प्रश्नोत्तर कार्यक्रममा विभिन्न राजनीतिक दलका ११ सांसदले प्रधानमन्त्री शाहलाई प्रश्न सोध्ने भएका छन् ।

प्रश्नोत्तरका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समीक्षा बाँस्कोटा, अमरेशकुमार सिंह र कृष्णहरि बुढाथोकी रहेका छन् । नेपाली कांग्रेसबाट वासना थापा र गीता गुरुङले प्रधानमन्त्रीलाई प्रश्न गर्नेछन् । त्यस्तै, नेकपा एमालेबाट ऐनबहादुर महर र गणेशसिंह ठगुन्ना, नेकपाबाट वर्षमान पुन र प्रमेशकुमार हमालले प्रश्न सोध्नेछन् । श्रम संस्कृति पार्टीका हर्कराज राई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की खुश्बु ओलीले पनि प्रधानमन्त्री शाहसँग प्रश्न गर्ने भएका छन् ।

प्रधानमन्त्रीसँगको प्रश्नोत्तर कार्यक्रममा सांसदहरूले सरकारका कामकारबाही, नीतिगत निर्णय तथा समसामयिक राजनीतिक विषयमा प्रधानमन्त्रीसँग जवाफ माग्ने तयारी गरेका छन् ।

## पाथिभरा...

वा अपमानजनक व्यवहार गरेमा ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । साथै, पीडितलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति समेत भराउनुपर्ने प्रावधान छ ।

कुटपिट तथा अभद्र व्यवहार (दफा १९१ र ११८) मा झारफुकका नाममा हातपात तथा अश्लील/अपशब्द प्रयोग गरी कुटपिट गरेमा कुटपिट तथा सार्वजनिक शान्ति विरुद्धको कसूर (अभद्र व्यवहार) अन्तर्गत थप सजाय र जरिवाना हुन सक्ने प्रावधान छ ।

# हिल्सामा अस्थायी क्वारेन्टिन स्थापना हुँदै



काँक्रेविहार संवाददाता
हुम्ला, ९ भदौ

नेपाल-चीन सीमा क्षेत्र हिल्सामा नेपालतर्फबाट अस्थायी क्वारेन्टिन स्थापना गरिने भएको छ। लामो समयदेखि स्थानीयवासीले हिल्सामा क्वारेन्टिन कार्यालय स्थापना गर्न माग गर्दै आए पनि आवश्यक जनशक्ति र पूर्वाधारको अभावमा माग सम्बोधन हुन सकेको थिएन।

अहिले भने नाकाबाट हुने व्यापारिक गतिविधिलाई मध्यनजर गर्दै अस्थायी रूपमा क्वारेन्टिन सञ्चालन गर्ने तयारी अघि बढाइएको हो।

पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार हिल्सा नाकाबाट हुने सामानको आयात-निर्यातको अवस्था हेरेर क्वारेन्टिन सेवा सञ्चालन गरिनेछ।

कर्मचारी संरचना हालै स्वीकृत भएकाले नेपालगन्जमा शाखा स्थापना गरी त्यहीँबाट हिल्साको क्वारेन्टिन व्यवस्थापन गर्ने योजना विभागले बनाएको छ।

हिल्सामा आवश्यकताअनुसार दुई जनासम्म कर्मचारी परिचालन गरिने जनाइएको छ। हुम्लावासीले विसं २०७० देखि नै हिल्सामा क्वारेन्टिन स्थापना गर्न माग गर्दै आएका छन्।

नाका वर्षभरि सञ्चालनमा नआउने भएकाले हालका लागि नाका खुलेको अवधिमा मात्र क्वारेन्टिन सञ्चालन गरिनेछ।

नाका बन्द भएपछि कर्मचारीलाई नेपालगन्ज फिर्ता गर्ने र क्वारेन्टिन सेवा पनि अस्थायी रूपमा बन्द गर्ने विभागको योजना छ। कृषि विकास कार्यालय हुम्लाका प्रमुख चुणामणि पन्तले अस्थायी भए पनि क्वारेन्टिन स्थापना हुनु सकारात्मक कदम भएको बताए।

उनका अनुसार क्वारेन्टिन सञ्चालनमा आएपछि हुम्लाका रैथाने बाली, फलफूल, जडीबुटी तथा अन्य स्थानीय उत्पादन चीनतर्फ निर्यात गर्ने बाटो सहज हुने अपेक्षा गरिएको छ। हाल हिल्सा नाकाबाट चीनबाट सामान आयात भइरहे पनि नेपालतर्फबाट चीनमा स्थानीय उत्पादन निर्यात गर्न क्वारेन्टिनसम्बन्धी व्यवस्था नहुँदा समस्या हुँदै आएको छ।

अस्थायी क्वारेन्टिन सञ्चालनपछि व्यापारिक चाप र आवश्यकताको मूल्याङ्कन गरी भविष्यमा स्थायी क्वारेन्टिन स्थापना गर्न विभागलाई आधार तयार हुने अपेक्षा गरिएको छ।

# स्थानीय कपासको प्रशोधनबाट गाउँमै रोजगारी

काँक्रेविहार संवाददाता
मुगु, ९ भदौ

स्थानीय कपासको प्रशोधन गरी विभिन्न सामग्री उत्पादन गर्न थालिएपछि मुगुको सोरु गाउँपालिकामा रोजगारीका अवसर सिर्जना भएका छन्।

सोरु गाउँपालिका आठ तारापानीमा सञ्चालित परिवर्तन साना किसान सहकारी संस्थाले स्थानीय कपासबाट तयारी सामग्री उत्पादन गर्दै १३ जनालाई रोजगारी दिएको हो।

रोजगारी पाउनेमा एकल महिला तथा विपन्न परिवारका सदस्यसमेत रहेका छन्। सहकारीले स्थानीय किसानबाट कपास खरिद गरी प्रशोधन गरेर टोपी, दौरा-सुरुवाल, तयारी पोसाक, सिरक, डसना लगायतका सामग्री उत्पादन गर्दै आएको छ।

सहकारीका अध्यक्ष पदमबहादुर मल्लका अनुसार जिल्लामै पहिलोपटक स्थानीय कपास प्रशोधन गरी व्यावसायिक रूपमा सामग्री उत्पादन सुरु गरिएको हो।



सहकारीलाई वार्षिक आठदेखि १० टनसम्म कपास आवश्यक पर्ने गरेको छ। स्थानीय किसानबाट कपास खरिद गरी प्रशोधन तथा सामग्री उत्पादन गर्दा किसानसँगै स्थानीय कामदारले पनि रोजगारी पाएका छन्। यसले स्थानीय उत्पादनको उपयोगसँगै गाउँमै आयआर्जनको अवसर बढाएको छ।

अध्यक्ष मल्लका अनुसार स्थानीय कपासबाट तयार सामग्रीको मूल्य बजारमा पाइने अन्य सामग्रीभन्दा केही बढी पर्ने भएकाले बिक्रीमा समस्या हुने गरेको छ।

सहकारीले वार्षिक करिब सातदेखि आठ लाख रुपैयाँ बराबरका सामग्री बिक्री गर्दै आएको छ। स्थानीय उत्पादनको प्रयोग र बजारीकरण बढाउन सके कपास खेती गर्ने किसानको आम्दानी वृद्धि हुनुका साथै थप रोजगारी सिर्जना गर्न सकिने उनले बताए।

सोरु गाउँपालिका एकका समाजसेवी सुरेश शाहीले जिल्लाका चारवटै स्थानीय तहले स्थानीय कपासबाट उत्पादित सामग्रीको प्रयोगलाई प्राथमिकता दिनुपर्ने बताए। सरकारी कर्मचारी तथा स्थानीय संस्थाले यस्ता सामग्री प्रयोग गरे बजार विस्तारमा सहयोग पुग्ने उनको भनाइ छ।

स्थानीय कपासको उत्पादन, प्रशोधन र बजारीकरण व्यवस्थित गर्न सके किसानको आम्दानी बढ्नुका साथै गाउँमै थप रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ।

# किशोरकिशोरीलाई लैङ्गिक हिंसाविरूद्ध साथी शिक्षा

काँक्रेविहार संवाददाता
जुम्ला, ९ भदौ

बालविवाह, बहुविवाह, महिनावारी विभेद, जातीय विभेद तथा लैङ्गिक हिंसाजस्ता सामाजिक विकृति न्यूनीकरण गर्न जुम्लाका किशोरकिशोरीलाई साथी शिक्षा प्रदान गरिएको छ।



लैङ्गिक हिंसाका घटना भएमा उजुरी तथा रिपोर्टिङ गर्ने प्रक्रिया, पीडितको संरक्षण, गोपनीयता र सुरक्षित सेवामा पहुँचका विषयमा किशोरकिशोरीलाई जानकारी गराइएको हो।

प्लान नेपालको सहयोगमा पेस नेपाल र क्याड नेपाल जुम्लाले सञ्चालन गरिरहेको 'सशक्त बालिका तथा सुरक्षित समाज' परियोजना अन्तर्गत तीनदिने तालिम आयोजना गरिएको हो।

सिंजा, हिमा र कनकासुन्दरी गाउँपालिकाका २१ जना किशोरकिशोरी तालिममा सहभागी भएका थिए। तालिममा लैङ्गिक हिंसा सम्बन्धी उजुरी रिपोर्टिङ संयन्त्र तथा संरक्षणका विषयमा प्रशिक्षण दिइएको थियो।

कार्यक्रम संयोजक राजेश एरीका अनुसार लैङ्गिक हिंसाका घटना पहिचान गरी प्रभावकारी रूपमा उजुरी तथा रिपोर्टिङ गर्न सक्ने क्षमता विकास गर्नु तालिमको मुख्य उद्देश्य हो।

पीडित तथा प्रभावित व्यक्तिको सुरक्षा, गोपनीयता, सम्मानजनक व्यवहार र सुरक्षित सेवामा पहुँच सुनिश्चित गर्ने विषयमा समेत सहभागीलाई जानकारी दिइएको उनले बताए।

तालिमका सहभागी गोविन्द खत्रीले आफूले सिकेका विषयलाई विद्यालय तथा समुदाय स्तरसम्म पुर्‍याउने बताए। उनका अनुसार विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी बालविवाह, लैङ्गिक हिंसा तथा विभेदविरुद्ध किशोरकिशोरीलाई सचेत गराइनेछ।

उजुरी दर्ता तथा रिपोर्टिङ प्रक्रिया, पीडितको सुरक्षा र सम्बन्धित निकायसँग समन्वय गर्ने विषयमा समेत जानकारी बाँडिने उनले बताए।

नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष पूर्णप्रसाद चौलागाईले तालिमबाट प्राप्त ज्ञान समुदायसम्म पुर्‍याउन सहयोग पुग्ने बताए।

क्याड नेपाल जुम्लाका अध्यक्ष जयलक्ष्मी चौलागाईले सुरक्षित, सम्मानजनक र प्रभावकारी उजुरी प्रणाली विकास गर्न किशोरकिशोरीलाई सक्षम बनाउने उद्देश्यले तालिम सञ्चालन गरिएको बताए।

जिल्ला समन्वय समितिका समन्वय अधिकारी रोमबहादुर महतले हिंसामुक्त समाज निर्माणमा किशोरकिशोरीको भूमिका महत्वपूर्ण हुने बताए। उनले किशोरकिशोरीले आफूले सिकेको ज्ञान साथी, परिवार र समुदायमा बाँड्न सके लैङ्गिक हिंसाविरुद्ध सचेतना बढ्ने विश्वास व्यक्त गरे।

तालिमपछि सहभागीले विद्यालय तथा समुदायमा साथी शिक्षा र सचेतनामूलक गतिविधि सञ्चालन गर्ने अपेक्षा गरिएको छ।

# रूकुम पश्चिममा भूकम्प प्रभावित २७ विद्यालय पुनर्निर्माण

काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, ९ भदौ

जाजरकोट भूकम्पबाट क्षतिग्रस्त रुकुम पश्चिमका २७ सामुदायिक विद्यालयका भवन पुनर्निर्माण भएका छन्।

विसं २०८० कात्तिक १७ गते गएको भूकम्पले क्षति पुर्‍याएका विद्यालय भवन कर्णाली प्रदेश सरकारको बजेटमा पूर्वाधार विकास कार्यालयमार्फत निर्माण गरिएको हो।

पूर्वाधार विकास कार्यालय चौरजहारीका प्रमुख रामचन्द्र बिसीका अनुसार जिल्लामा पुनर्निर्माणका लागि छनोट भएका ४३ विद्यालयमध्ये २७ विद्यालयका भवन गत आर्थिक वर्ष २०८२/८३ मा निर्माण सम्पन्न भएका छन्। बाँकी १६ विद्यालयको पुनर्निर्माण चालु आर्थिक वर्षमा अघि बढाइएको छ।



प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ मा भूकम्पबाट क्षतिग्रस्त विद्यालय तथा स्वास्थ्य संस्थाको पुनर्निर्माणका लागि रुकुम पश्चिमका छवटै स्थानीय तहमा ३८ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको थियो। उक्त बजेटमध्ये २७ विद्यालय र पाँच स्वास्थ्य संस्थाको भवन निर्माणमा २३ करोड ४७ लाख छ हजार आठ सय ७७ रुपैयाँ खर्च भएको कार्यालयले जनाएको छ।

पुनर्निर्माण भएका विद्यालयमध्ये चौरजहारी र मुसीकोट नगरपालिकामा चार-चार, आठबिसकोटमा छ, बाँफिकोट गाउँपालिकामा तीन, त्रिवेणीमा पाँच र सानीभेरी गाउँपालिकामा पाँच विद्यालय रहेका छन्।

विद्यालय भवन निर्माणका लागि आवश्यकताअनुसार ७० देखि ७५ लाख रुपैयाँसम्म बजेट विनियोजन गरी ठेक्का प्रक्रियाबाट निर्माण गरिएको हो।

सानीभेरी गाउँपालिकाका अध्यक्ष बिर्खबहादुर बिष्टले विद्यालय भवन पुनर्निर्माण भएपछि भूकम्पबाट प्रभावित शैक्षिक गतिविधि क्रमशः सामान्य अवस्थामा फर्किन थालेको बताए।

चौरजहारी पाँच स्थित माध्यमिक विद्यालय खहरेका प्रधानाध्यापक चक्रप्रसाद शर्माले नयाँ चारकोठे भवन बनेपछि पठनपाठन सहज भएको बताए। यसअघि भूकम्पका कारण भवनमा समस्या भएपछि विद्यालयले कठिनाइ भोग्दै आएको थियो।

आठबिसकोट १० स्थित सरस्वती आधारभूत विद्यालय मैडाँडाका प्रधानाध्यापक अमर मल्लले नयाँ दुईकोठे भवनबाट कक्षा सञ्चालन गर्न सहज भए पनि थप कक्षाका लागि अझै भवन आवश्यक रहेको बताए।

बाँकी क्षतिग्रस्त विद्यालयको पुनर्निर्माण पनि चालु आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य कार्यालयले लिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

बुधवार, १० भदौ, २०८३
Wednesday, 26 Aug 2026
सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# मौरीपालनमा किसानको आकर्षण बढ्दो

❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ९ भदौ

बजारमा स्थानीय महको माग बढ्दै गएपछि सुर्खेतसहित कर्णालीका किसान व्यावसायिक मौरीपालनतर्फ आकर्षित हुन थालेका छन् ।

कम समय र व्यवस्थित मेहनतबाट आम्दानी गर्न सकिने भएपछि पछिल्लो समय युवा तथा अन्य किसानसमेत मौरीपालन व्यवसायमा जोडिन थालेका हुन् । वीरेन्द्रनगर नगरपालिका १२ पदमपुरकी सावित्री ढकालले विसं २०६५ मा चार घारबाट सुरु गरेको मौरीपालनलाई अहिले व्यावसायिक रूप दिएकी छन् । हाल उनीहरुसंग तीन सय आधुनिक घार रहेका छन् । उनले वार्षिक १५ लाख रुपैयाँभन्दा बढीको मह उत्पादन तथा बिक्री गर्दै आएको बताइन् । मौरीपालनका लागि तालिम लिएपछि व्यवसाय सुरु गरेकी ढकालले मौरीलाई विभिन्न मौसम अनुसार चरन क्षेत्रमा लैजाने गरेको बताइन् । मौरी घारमा राख्दैमा मह उत्पादन नहुने भएकाले यसको नियमित स्याहार, उचित व्यवस्थापन र मौसम अनुसारको चरन क्षेत्र आवश्यक पर्ने उनको भनाइ छ । ढकालले विसं २०७२ मा नितेश कृषि फर्म स्थापना गरी मौरीपालनलाई थप विस्तार गरेकी हुन् । उनले सेरेना र मेनिफेरा प्रजातिका मौरी, आधुनिक घार तथा मौरीपालनका आवश्यक सामग्री बिक्री गर्दै आएकी छन् । उनका अनुसार फर्मबाट यस वर्ष करिब एक करोड रुपैयाँ बराबरको कारोबार भएको छ । मौरीपालनसँगै उनले तरकारी खेतीसमेत गर्दै आएकी छन् ।



वीरेन्द्रनगर-११ गाग्रेतालका छबिलाल कँडेल पनि सात वर्षदेखि व्यावसायिक मौरीपालनमा सक्रिय छन् । हाल उनिसँग ५४ भन्दा बढी आधुनिक घार छन् । कँडेलले मौरीपालनबाट वार्षिक करिब सात लाख रुपैयाँ आम्दानी हुने बताए ।

महको माग बढ्दै गएपछि घार थप्दै गएको उनको भनाइ छ । कर्णाली प्रदेशमा मौरीपालक किसानको संख्या पनि बढिरहेको छ सुर्खेत, दैलेख, जाजरकोट र रुकुम पश्चिममा करिब तीन हजार पाँच सय किसान मौरीपालनमा आबद्ध रहेको कर्णाली प्रदेश मौरीपालक कृषक संगठनका अध्यक्ष लिलाराम ढकालले बताए । आधुनिक घार प्रयोग गर्दा उत्पादन बढाउन सकिने र अन्य कृषि व्यवसायको तुलनामा व्यवस्थापन सहज हुने भएकाले किसानको आकर्षण बढेको उनको भनाइ छ । मौरीपालनको सीप, व्यावसायिक विस्तार र बजार पहुँच सुधारका लागि विभिन्न तालिमसमेत सञ्चालन हुँदै आएका छन् ।

# कृषि पढ्दै उत्पादनमा ज्वाला माविका विद्यार्थी

❑ **काँक्रेविहार संवाददाता**
दैलेख, ९ भदौ

जिल्लाको भगवतीमाई गाउँपालिकास्थित श्री ज्वाला माध्यमिक विद्यालयका विद्यार्थी कृषि विषयलाई कक्षाकोठाको अध्ययनमा मात्र सीमित नराखी उत्पादन, प्रशोधन र बजारीकरणसँग जोडेर सिकिरहेका छन् ।

विद्यालयमा कक्षा नौ देखि १२ सम्म सञ्चालित कृषि प्राविधिक धारअन्तर्गत विद्यार्थीले खेतबारीमा प्रयोगात्मक उत्पादनसँगै कृषि उपजको प्रशोधन र बजार व्यवस्थापनको अभ्यास गरिरहेका छन् ।

विद्यार्थीले विद्यालयको बारीमा उत्पादन गरेको धानबाट चामल तयार गरेका छन् । त्यस्तै, मूलाबाट परम्परागत सिन्की, विभिन्न प्रजातिका च्याउ तथा डल्ले खुर्सानीबाट अचार उत्पादन गरेका छन् ।

उत्पादित सामग्रीलाई बजारसम्म पुर्‍याउन आवश्यक तयारीसमेत भइरहेको विद्यालयले जनाएको छ । कार्यक्रम संयोजक मनसुन दाहालका अनुसार विद्यार्थीलाई कृषि उपज कच्चा पदार्थकै रूपमा बिक्री गर्नुभन्दा प्रशोधन गरेर त्यसको मूल्य बढाउने सीप सिकाइएको छ । उनका अनुसार उत्पादनदेखि प्रशोधन र बजारीकरणसम्मको सम्पूर्ण प्रक्रियामा विद्यार्थीलाई सहभागी गराउने विद्यालयको लक्ष्य छ ।

'विद्यार्थीलाई कक्षाकोठाको चौघेरामा मात्र सीमित नराखी उत्पादनदेखि बजारीकरणसम्मको सम्पूर्ण भ्यालु चेनमा जोड्ने हाम्रो उद्देश्य हो,' दाहालले भने, 'विद्यालयलाई कृषि ज्ञान, आधुनिक प्रविधि र स्थानीय समुदायबीचको सेतुका रूपमा विकास गर्दैछौं ।'

विद्यालयले कृषि शिक्षालाई स्थानीय समुदायसँग जोड्ने योजना पनि अघि सारेको छ । किसानलाई प्राविधिक परामर्श दिन माटो परीक्षण शिविर सञ्चालन गर्ने, स्थानीय तथा लोपोन्मुख बीउ संरक्षणका लागि बीउ बैंक स्थापना गर्ने र स्थानीय किसानसँग प्रत्यक्ष प्राविधिक सहकार्य गर्ने योजना विद्यालयको छ ।

प्रधानाध्यापक रामबहादुर थापाले विद्यार्थीलाई सीपसँगै उत्पादन र बजारको ज्ञान दिने उद्देश्यले कृषि शिक्षालाई व्यावहारिक बनाइएको बताए ।

'शिक्षासँग सीप, सीपसँग उत्पादन र उत्पादनसँग बजार जोड्ने अभियान हो,' उनले भने, 'यसबाट कृषि अध्ययनको विषय मात्र नभई आम्दानी र रोजगारीको आधार पनि हो भन्ने बुझाउन सहयोग पुग्छ ।'

विद्यालयले आगामी दिनमा स्थानीय स्रोत र प्रविधिमा आधारित कृषि उद्यमलाई प्राथमिकता दिने जनाएको छ । विद्यार्थीले विद्यालयमा सिकेको सीप स्थानीय किसानसम्म पुर्‍याउँदै विद्यालयलाई कृषि ज्ञान, प्रविधि र उद्यमशीलताको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ ।


## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री दानकला वड** धनी रहेको, **दर्ता नम्बर ८३८५/०७८/०७९** बाट **वीरेन्द्रनगर-२, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **दानकला कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री डल्ली देवी वि.क.** धनी रहेको, **दर्ता नम्बर ५०५८/०७५/०७६** बाट **भेरीगंगा-६, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **शिवशक्ति कृषि तथा पशुपंक्षी पालन फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री आशा चौधरी** धनी रहेको, **दर्ता नम्बर ९७५१/०७९/०८०** बाट **वीरेन्द्रनगर-३, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **चाहाना कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री भीमकुमारी पुन** धनी रहेको, **दर्ता नम्बर १०८९/०६५/०६६** बाट **वीरेन्द्रनगर-६, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सनराइज कम्प्टर इन्च्युट** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

*समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**








काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)